# PAPER-III
# NEPALI

**Signature and Name of Invigilator**

1. (Signature) __________________________
   (Name) ____________________________
2. (Signature) __________________________
   (Name) ____________________________

OMR Sheet No. : ...............................................
(To be filled by the Candidate)

Roll No. | | | | | | | | |
(In figures as per admission card)

Roll No.________________________________
(In words)

**J 3 4 1 4**

Time : **2 ½** hours] [Maximum Marks : **150**

Number of Pages in this Booklet : **12** Number of Questions in this Booklet : **75**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of seventy five multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (A), (B), (C) and (D). You have to darken the circle as indicated below on the correct response against each item.
   **Example :** Ⓐ Ⓑ ● Ⓓ
   where (C) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Booklet only.** If you mark at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
9. You have to return the test question booklet and Original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry original question booklet and duplicate copy of OMR Sheet on conclusion of examination.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There is no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. इस पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए ।
2. इस प्रश्न-पत्र में पचहत्तर बहुविकल्पीय प्रश्न हैं ।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी । पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए उसके कवर पेज पर लगी कागज की सील को फाड़ लें । खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें ।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं । दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात् किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें । इसके लिए आपको पाँच मिनट दिये जायेंगे । उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा ।**
   (iii) इस जाँच के बाद OMR पत्रक की क्रम संख्या इस प्रश्न-पुस्तिका पर अंकित कर दें ।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (A), (B), (C) तथा (D) दिये गये हैं । आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है ।
   **उदाहरण :** Ⓐ Ⓑ ● Ⓓ
   जबकि (C) सही उत्तर है ।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पुस्तिका के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं । यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिह्नांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा ।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें ।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें ।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, जैसे कि अंकित किये गये उत्तर को मिटाना या सफेद स्याही से बदलना तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं ।
9. आपको परीक्षा समाप्त होने पर प्रश्न-पुस्तिका एवं मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें । हालांकि आप परीक्षा समाप्ति पर मूल प्रश्न-पुस्तिका तथा OMR पत्रक की डुप्लीकेट प्रति अपने साथ ले जा सकते हैं ।
10. **केवल नीले/काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें ।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है ।**
12. **गलत उत्तरों के लिए कोई नकारात्मक अंक नहीं हैं ।**

**NEPALI**
**नेपाली**
**PAPER – III**
**प्रश्नपत्र – III**

**Note :** This paper contains **seventy five (75)** objective type questions of **two (2)** marks each. **All** questions are compulsory.

**नोट :** यस प्रश्नपत्रमा **पचहत्तरवटा (75)** बहुविकल्पीय प्रश्न छन् । प्रत्येक प्रश्न **दुई** (2) अङ्कको छ । **सबै** प्रश्न अनिवार्य छन् ।

**1.** कस्ता पदलाई 'शाब्दिक वर्गका पद' भनिच्छ ?
(A) शब्द-शब्द मिलेर बनिएका पद ।
(B) कोशीय अर्थ भएका पद ।
(C) धातु र प्रत्ययका रूपमा छुट्याउन नसकिने पद ।
(D) कोशीय अर्थ नभएका पद ।

**2.** कुन कुन शब्द अशाब्दिक वर्गभित्त पर्दछन् ?
(A) पानी, अलिकति, खायो, दुईवटा ।
(B) त्यो, अनि, पो, छ ।
(C) अनुसार, झैं, कहिले, कसरी ।
(D) बेस्सरी, कालो, श्याम, रूख ।

**3.** अक्षरका शीर्ष र समापक दुवैलाई एकैचोटि बुझाउन प्रयोग गरिने शब्द कुन हो ?
(A) अन्तक ।
(B) कोडा ।
(C) केन्द्रक ।
(D) ओनोमा ।

**4.** "'आगो र पानी' नियमित आकस्मिकताको कवितात्मक संस्करण हो । कवितामा मानव-इतिहास बोलेको यो पहिलो र जेठो बौद्धिक काव्य हो ।"
– प्रस्तुत टिप्पणीका टिप्पणीकार को हुन् ?
(A) तारानाथ शर्मा ।
(B) बालकृष्ण सम ।
(C) रत्नध्वज जोशी ।
(D) कृष्णचन्द्रसिंह प्रधान ।

**5.** कुन किसिमको रूपकमा नायक अप्राप्त सौन्दर्यवती नायिकाका निम्नि हुरुक्क हुन्छ एवम् प्रतिनायक धीरोदात्त मनुष्य अथवा देउता हुन्छ ?
(A) वीथी ।
(B) डिम ।
(C) इहामृग ।
(D) व्यायोग ।

**6.** 'लेख छ' र 'लेख्छ', 'दिन छ' र 'दिन्छ' जस्ता अभिव्यक्तिहरू माझको रूपगत भिन्नताताई के भनिन्छ ?
(A) अनुतान ।
(B) अन्त:स्थ ।
(C) विराम ।
(D) बलाघात ।

**7.** "कविता असल हुन्, अथवा खराप हुन् इत्यादि समस्त विषय अर्थ र रसबाहुल्यका आधारमा रहन छ । प्राय: यसतो देखिन छ कि अनुप्रास मिलाउनका निमित्त समपर्क शब्द न मिलनाले, बहुतर पद्यहरूमा अर्थांशको हानि हुन जान छ ।"
– यस गद्यांशको सन्दर्भ स्रोत चिनाउनुहोस् ।
(A) मोतीराम भट्टको 'भानुभक्ताचार्यको जीवन चरित्र' ।
(B) वीरेन्द्र केसरी अर्यालको 'बेसरी' ।
(C) राजा जयपृथ्वीबहादुर सिंहको 'शिक्षादर्पण' ।
(D) राममणि आ.दी. को 'कवितारीति' ।

**8.** 'आमाले मलाई बोलाउनुभएको छ ।'
– यस वाक्यमा कतिवटा बद्ध अक्षर छन् ?
(A) चौध ।
(B) बाह्र ।
(C) दुई ।
(D) शून्य ।

बर्मा छाडेर मानिसहरू आसाम-बङ्गाल, नेपाल पस्नथाले । बर्माको पहाड, नदी, खोला नाघेर पहाडै पहाड मानिस भागेर आए । यसरी भागेर आउँदा बाटामा कतै पानी नपाउने – कतै खान नपाउने, कति प्राणी ता भोकले त्यसै बाटामा मरे – कतिले तिर्खाले छट्पटाएर प्राण त्याग गरे ।"

9. माथिको उद्धरण कुन कृतिबाट लिइएको हो ?
   (A) भ्रमर ।
   (B) मुलुकबाहिर ।
   (C) डाकबङ्गला ।
   (D) ब्रह्मपुत्रका छउछाउ ।

10. माथिको उद्धरणमा उल्लेख गरिएअनुसार बर्मा छाडेर मानिसहरू भाग्नाको कारण के थियो ?
   (A) हैजाको महामारी फैलिनाले ।
   (B) भुईंचालो र भल-बाढीको कारण ।
   (C) दोस्रो विश्वयुद्धमा जापानीहरूको बढ्दो आक्रमण र अतिक्रमणको कारण ।
   (D) बर्मामा भएको साम्प्रदायिक हिंसा को कारण ।

11. माथिको उद्धरणमा कस्ता वाक्यहरू छन् ?
   (A) सरल । (B) संयुक्त ।
   (C) सरल र मिश्र । (D) संयुक्त र मिश्र ।

12. वार्णिक संरचना नभएको तर अर्थचाहिं भएको रूपलाई के भनिन्छ ?
   (A) अमूर्त्त रूप । (B) मुक्त रूप ।
   (C) सम्पृक्त रूप । (D) शून्य रूप ।

13. वार्णिक छन्दमा रचित पद्य कति पाउको हुन्छ ?
   (A) एक । (B) दुई ।
   (C) तीन । (D) चार ।

14. "धर्म नै मूल हो अर्थमा काममा
धर्म नै मूल हो, मोक्षको धाममा
धर्म नै बीज हो शान्ति आराममा
धर्म नै चीज हो तेजिलो नाममा ।"
– यस श्लोकमा कुन छन्द परेको छ ?
   (A) स्रग्विणी । (B) अनुष्टुप् ।
   (C) पृथ्वी । (D) पञ्चचामर ।

15. प्रकाशनकालका आधारमा तलका काव्यकृतिहरूका क्रम व्यवस्थित गर्नुहोस् :
   (i) अमरज्योतिको सत्यस्मृति ।
   (ii) ऋतुविचार ।
   (iii) सत्यकलिसंवाद ।
   (iv) तरुण-तपसी ।
   (A) (i), (iii), (iv), (ii)
   (B) (ii), (i), (iii), (iv)
   (C) (iii), (ii), (i), (iv)
   (D) (iii), (i), (ii), (iv)

16. ध्रुवचन्द्र गौतमकृत 'अलिखित' उपन्यासमा 'दोरहन्तल दह' – को व्युत्पत्ति कुन शब्दबाट देखाइएको छ ?
   (A) दौर्बल्य दह । (B) द्वैपायन दह ।
   (C) दूरन्तल दह । (D) दुखान्त दह ।

17. तलका कुन-कुन गद्याख्यान कृतिहरू अरबी-फारसी-उर्दू मूलका रम्याख्यान हुन् ?
   (A) वीरसिक्का, रत्नदन्त्यकथाहा, शुकबहत्तरी, किस्सा शुकसागरिका ।
   (B) अकबर-बीरबल विनोद, तोतामैनाको कथा, महाठगको कथा, जैमिनीय भारत ।
   (C) मानभञ्जन, वकीलको भाग्य, दालिया, मेरिना चरित्र ।
   (D) सुनकेसरा रानीको कथा, चाररङ्गका माछा, सत्यमधुमालती कथा, हातीमताई ।

**18.** तलका साहित्यक सिद्धान्तहरू कालक्रमिक ढाँचामा व्यवस्थित गर्नुहोस् –

(i) प्रतीकवाद ।

(ii) बिम्बवाद ।

(iii) अतियथार्थवाद ।

(iv) स्वच्छन्दतावाद ।

(A) (i), (ii), (iii), (iv)

(B) (iv), (i), (iii), (ii)

(C) (ii), (i), (iv), (iii)

(D) (i), (iii), (ii), (iv)

**19.** मैले साह्रै कर गरेपछि उसले भन्यो : 'घटना सत्य हो तर सुन्नेलाई कथाजस्तो लाग्छ ।'

– इन्द्रबहादुर राईको 'जगत र सावित्रीको दु:खान्त कथा' – को यस पहिलो वाक्यले कथालाई कुन शैलीमा थालेको छ ?

(A) पूर्वप्रासङ्गिक ।

(B) परप्रासङ्गिक ।

(C) प्रसङ्गभङ्ग ।

(D) प्रसङ्गगर्भ ।

**20.** "....यही अङ्ग्रेजीमा नून छ, यहीं केटाकेटीको मुखलाई पापा – चीची छ । यहीं भारतको बीसौं शताब्दी छ, यहीं आधुनिक आँखा छ, यहीं परराष्ट्र सम्बन्धहरू छन्, यहीं अन्तरराष्ट्रिय बहस छ, यहीं भारतीय अदालत छन् । यहीं सूर्य अस्ताउँदैनन्, यहीं खाफर आड छ । यहीं हाम्रो दैनिक जीवन छ ।"

– यस गद्यांशमा कस्तो शैलीगत विशेषता पाइन्छ ?

(A) समानाधिकरणात्मकता ।

(B) समानान्तरता ।

(C) विपर्यास ।

(D) पुन:पौन्यमूलकता ।

**21.** तलको कुन छन्दको लक्षण कुन हो ?

| छन्द | लक्षण |
|---|---|
| (क) भुजङ्गप्रयात | (i) न ज ज र । |
| (ख) मन्दाकिनी | (ii) र र र र । |
| (ग) स्रग्विणी | (iii) न न र र । |
| (घ) मालती | (iv) य य य य । |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (A) | (iv) | (i) | (ii) | (iii) |
| (B) | (ii) | (iii) | (i) | (ii) |
| (C) | (iv) | (iii) | (ii) | (i) |
| (D) | (iii) | (iv) | (i) | (ii) |

**22.** महाआख्यान (ग्रान्ड न्यारेटिव) भनेको के हो ?

(A) पृथ्वी, स्वर्ग र नर्कका विषयमा लेखिएको गाद्यिक महागाथा ।

(B) समग्र जीवन-जगत र समाजलाई हेर्ने सिङ्गो जीवनदृष्टि ।

(C) अन्तरिक्ष र महाआकाशका पृष्ठभूमिमा लेखिएको तिलस्म एवम् विज्ञान मिश्रित आख्यान ।

(D) जन्मदेखि मृत्युसम्मका यावत् घटनादिको काव्यिक महागाथा ।

**23.** 'अलिखित' उपन्यासमा प्रस्तुत यथार्थ र स्वैर कल्पनाको मिश्रणलाई 'मायावी यथार्थवाद' भन्ने समीक्षक को हुन् ?

(A) माधवप्रसाद पोखरेल ।

(B) सञ्जीव उप्रेती ।

(C) मोहनराज शर्मा ।

(D) कृष्ण गौतम ।

24. "पंडितहरूलाई ठाउँ-ठाउँमा आधुनिकताले तर्साउँछ, ग्र्‍याजुएटलाई संस्कृतले, साधारण पाठकलाई विचारको र शब्दको क्लिष्ट नवीनताले । म पर्छु बीचको शुन्यमा ।"

– लक्ष्मीप्रसाद देवकोटाले यो आत्मस्वीकृति कुन काव्यकृतिका सम्बन्धमा अभिव्यक्त गरेका हुन् ?

(A) प्रमिथस ।

(B) महाराणा प्रताप ।

(C) शाकुन्तल ।

(D) मायाविनी सर्सी ।

25. मनोविश्लेषणवादी समालोचनाको विकासका सन्दर्भमा तलका मध्ये कुनचाहिं लेखकको नाउँ उल्लेखनीय छ ?

(A) जाक लकाँ ।

(B) हर्बर्ट मार्क्स ।

(C) फ्रेडरिक जेमसन ।

(D) लुसियन गोल्डमान ।

तस्कारण कोई मित्रहरूले एस पोस्तककन सचेउनुपरेछ भन्ये 'क्येन रिसाउंछौ' भन्दा क्येन क्रोध गर्छौ' भनि नसचेउन् तर 'क्येन कालो मुख गर्छौ' भनि सचेई दिनु । फेरि 'लौ छुटिउ है' भन्दामा 'लौ विसर्जन गरूँ है' भनि नसचेउन् बरू 'लौ आफ्नो र बाटो लागुं है' भनि सचेई दिउन ।"

26. माथिको उद्धरणमा नेपाली भाषाका सन्दर्भमा यस्तो मन्तव्य प्रकट गर्ने लेखक को हुन् ?

(A) डाकमान राई ।

(B) पं. दिलूसिंह राई ।

(C) गङ्गाप्रसाद प्रधान ।

(D) हैकमसिंह राई ।

27. माथि उद्धृत गद्यांशका लेखकको दृष्टिकोण कुन लेखकसँग मिल्छ ?

(A) महानन्द सापकोटा ।

(B) पारसमणि प्रधान ।

(C) राममणि आ.दी. ।

(D) गङ्गाप्रसाद प्रधान ।

28. तलका कुन-कुन मन्तव्य सही होइनन् ?

(i) शास्त्रीय मार्क्सवादले आइडियोलजीलाई भ्रमपूर्ण चेतना मान्दछ ।

(ii) डेरिडाका शब्दमा कृतिको अन्त्य लेखनको प्रारम्भ हो ।

(iii) उत्तरसंरचनावादले 'कथ्य' र 'लेख्य' भाषामध्ये लेख्यलाई प्रोत्साहित गर्दछ ।

(iv) अस्तित्ववादको व्याख्या गर्ने सार्त्रको प्रमुख कृति 'द मिथ अन् सिसिफस' हो ।

(A) चारैवटा सही होइनन् ।

(B) (ii), (iii) र (iv) सही होइनन् ।

(C) (iii) र (iv) मात्र सही होइनन् ।

(D) (iv) मात्र सही होइन ।

29. "तिनी मुस्कुराएर नाचेर आइन् ।
बन्यो स्वर्ग प्रसाद आनन्दलाई ।।
पहिलो त्यहीं ब्युँझियो प्रेमनामा ।
कुनै तत्त्व मीठो दुवैका नशामा ।।"

– यहाँ वर्णित 'तिनी' को हुन् ?

(A) 'शाकुन्तल' महाकाव्यकी शकुन्तला ।

(B) 'सुलोचना' महाकाव्यकी सुलोचना ।

(C) 'शाकुन्तल' महाकाव्यकी मेनका ।

(D) 'शाकुन्तल' महाकाव्यकी चारू ।

**30.** "मै हुँ आगो । मै हुँ प्रलय । मै सिर्जन, मै शक्ति !
मै हुँ नव विश्व-संचालक । मै हुँ सकल चमत्कार ।
मै झंझारोही । मै शिखरज्योति । मै प्रभात ।
किनकि सत्यसँग छु म एक । सत्सँग एकाकार ।"
– यस काव्यांशमा 'मै' को हुन् ?
(A) जिउस । (B) प्रमिथस ।
(C) युलिसिस । (D) हेफिस्टस ।

**31.** "हिंड सुन्दरको विदेशमा
चिडिया आज बनूँ उडी त्यहाँ ।
ढकमक्क सुगन्ध छाउने
वनमा नीड रचेर गाउने ।"
– यो पद्य कुन छन्दमा छ ?
(A) वियोगिनी । (B) पुष्पिताग्रा ।
(C) आर्या । (D) पृथ्वी ।

**32.** "सरयू यमुना गङ्गा नाच्तै आनन्द नादले
शान्ति सन्तोष सन्देश समुद्रान्त पुर्‍याउँथे ।"
– यस कवितांशमा कस्तो काव्यध्वनि पाइन्छ ?
(A) स्वत: सम्भवी वस्तुबाट वस्तुध्वनि ।
(B) स्वत: सम्भवी अलङ्कारबाट वस्तुध्वनि ।
(C) कविप्रौढोक्तिसिद्ध वस्तुबाट वस्तुध्वनि ।
(D) कविनिबद्धप्रौढोक्तिसिद्ध अलङ्कारबाट अलङ्कार-ध्वनि ।

"गिद्ध त्यो
गन्धमा मात्र पल्केछ अथवा स्वादमा पनि ?
गन्ध भन्छ भने हामी त्यसलाई धपाउँछौं,
स्वाद भन्छ भने त्यस्ता गिद्धको मुख हेर्छु म,
सम्पातिझैं यहाँ आवोस् त्यो मेरो धामको वर !"

**33.** उपर्युक्त उद्धरण कुन कृतिबाट लिइएको हो ?
(A) प्रह्लाद । (B) अन्धवेग ।
(C) मुटुको व्यथा । (D) मुकुन्द-इन्दिरा ।

**34.** माथिको उद्धरणमा कुन छन्द पाइन्छ ?
(A) आर्या । (B) चौपाया ।
(C) अनुष्टुभ् । (D) मुक्तछन्द ।

**35.** माथिको उद्धरणमा उल्लिखित 'सम्पाति' को हो ?
(A) नाटकको एउटा पात्र ।
(B) एउटा ऐतिहासिक चरित्र ।
(C) महाभारतमा कङ्सको एउटा दूत ।
(D) रामायणको एउटा पात्र ।

**36.** माथि दिइएको उद्धरणमा रहेको अन्तर्पाठात्मक सन्दर्भको सङ्केतक कुन हो ?
(A) गिद्ध ।
(B) स्वादमा ।
(C) सम्पाति ।
(D) मेरो घामको वर ।

**37.** "पुरुषको प्यारी ! सङ्ग्राम संसार, विजय उसको सार ! पौरुषबिना पुरुष हुन्न तरवारबिना धार !"
– आफ्नी प्रेयसीलाई यसो भन्ने नायक कुन सङ्ग्राममा जान तत्पर छ ?
(A) पहिलो विश्वयुद्ध ।
(B) दोस्रो विश्वयुद्ध ।
(C) इस्ट इन्डिया कम्पनी र नेपाल माझ भएको लडाइँ ।
(D) गरिबीका विरुद्ध सङ्घर्ष ।

**38.** कवि लेखनाथ पौड्यालको 'पिंजडाको सुगा' कवितामा कस्तो ध्वनिको प्रधानता पाइन्छ ?
(A) अर्थान्तरसङ्क्रमित वाच्यध्वनि ।
(B) अत्यन्ततिरस्कृतवाच्य ध्वनि ।
(C) गुणीभूतव्यङ्ग्य ध्वनि ।
(D) शब्दशक्त्युद्भव ध्वनि ।

**39.** 'मुना-मदन' खण्डकाव्यमा कवि लक्ष्मीप्रसाद देवकोटाले शीतलाई के भनेर वर्णन गरेका छन् ?

(A) ताराका आँसु । (B) रातका आँसु ।

(C) प्यारीका आँसु । (D) आँखाको पानी ।

**40.** लमकन्ने बाख्राको झमकन्ने कान

लौ लौ बूढा बलगरी तान ।

– यस गाउँखाने कथाको उत्तर के हो ?

(A) जालमा माछा मारेको ।

(B) केटाको घरी तानेको ।

(C) मूला उखेलेको ।

(D) तमाखु खाएको ।

**41.** "म सम्झ्यो मै मात्रै गुरु चरण सम्झ्यो गुरुगुरु

नरोला त्यो बेला कुन अबुझ चेला धुरुधुरु ।"

– लेखनाथको 'तरुण-तपसी' - बाट उद्धृत यस पद्यमा कुन दर्शन अभिव्यञ्जित छ ?

(A) योगदर्शन । (B) न्यायदर्शन ।

(C) साङ्ख्यदर्शन । (D) मीमांसादर्शन ।

**42.** "पोखराजका पिता पुष्पजीवी । पिल्पिलाउँदो पिलन्धरे । पुवाँले पगरी, पछयौरा र पटुका त्यसका परापूर्वदेखिको पहिरन ।"

– यस गद्यांशमा कुन किसिमको अनुप्रास परेको छ ?

(A) आद्यन्त्यानुप्रास ।

(B) वृत्यनुप्रास ।

(C) लाटानुप्रास ।

(D) छेकानुप्रास ।

**43.** "....केवल शैलीलाई लिंदा पनि जब हामी एक एक श्लोक एक एक पाउ पढ्दै जान्छौं हामीलाई कुनै दिव्य सिंढी उक्लिदै गएको अनुभव हुन्छ । कत्रो गाम्भीर्य ! कत्रो गुरुता ! पद पदमा कस्तो चमत्कृति ! लेखनाथ 'तरुण-तपसी' - मा स्पष्ट रूपले अद्वितीय छन्, कति धनी लेखनी ।"

– लेखनाथ पौड्यालको काव्य-शैलीबारे यस्तो मन्तव्य प्रकट गर्ने समालोचक को हुन् ?

(A) इन्द्रबहादुर राई ।

(B) बालकृष्ण सम ।

(C) वासुदेव त्रिपाठी ।

(D) ईश्वर बराल ।

**44.** समालोचक राममणि रिसालले कुन काव्यकृतिलाई प्रागैतिहासिक कालदेखि विकसित हुँदै अघि सरेको मानव जातिको यात्रा तथा विकासवाद, प्राच्य दृष्टि र मार्क्सवादका तराजुमा जोखिएको काव्यकृति हो भनेका छन् ?

(A) प्रमिथस । (B) मानव ।

(C) आगो र पानी । (D) तरुण-तपसी ।

**45.** पूर्वीय नाट्यशास्त्रले नाटकको सौन्दर्य बढाउनका निम्ति रसअनुसार कतिवटा 'वीथ्यङ्ग' र कतिवटा 'लास्याङ्ग' प्रवेश गराउने निर्देश दिएको छ ?

(A) आठ वीथ्यङ्ग र आठ लास्याङ्ग ।

(B) पच्चीस वीथ्यङ्ग र पन्ध्र लास्याङ्ग ।

(C) तेह्र वीथ्यङ्ग र दस लास्याङ्ग ।

(D) पाँच वीथ्यङ्ग र पाँच लास्याङ्ग ।

**46.** "कविता भावनाको बौद्धिक कोमलता हो ।"

– यो कसको कथन हो ?

(A) लक्ष्मीप्रसाद देवकोटा ।

(B) बालकृष्ण सम ।

(C) हरिभक्त कटुवाल ।

(D) शङ्कर लामिछाने ।

**47.** अभिप्राय अनुक्रमणिकाबारे स्टिथ थम्पसनको महत्त्वपूर्ण कृतिको नाम के हो ?

(A) स्ट्रक्चरल स्टडी अव् मिथ्स ।

(B) मर्फोलजी अन् दि फोकटेल्स ।

(C) मोटिफ - इन्डेक्स अव् फोक लिटरेचर ।

(D) दि टाइप्स अन् फोकटेल : ए क्लासिफिकेसन एन्ड बिब्लोग्राफी ।

**48.** छायाजस्तै पिछा गर्छ यो दु:ख, बरू साँझमा
छाया फिका हुँदै जान्छ, अँध्यारोमा बिलाउँछ,
दु:ख झन् साँझमा पोल्छ, अँध्यारोमा जलाउँछ ।"

– यस उद्‌धरणमा कुन अलङ्कार पाइन्छ ?

(A) विषम । (B) परिणाम ।

(C) व्यतिरेक । (D) प्रतीप

"पाँच फुट तीन इन्च जति अग्ली, सेती, बेपत्ताको दुब्लो शरीरमा अस्वाभाविक उठेको छाती, कोप्चो तर कालो र चम्किलो आँखामा रोल्डगोल्डको फ्रेम भएको चस्मा लगाएकी, पुरानो हिब्रु सिपाहीहरूको जस्तो एक इन्च डेढ इन्चको हिसाबले छाँटेर मुडुल्याएको बालमित्र सानु सेतो कानमा कालो दुङ्गाको टप लगाएको ।"

**49.** – माथिको उद्‌धरणमा वर्णित पात्र को हो ?

(A) 'भ्रमर' की माया ।

(B) 'नरेन्द्र दाइ' की मुनरिया ।

(C) 'तीन घुम्ती' की इन्द्रमाया ।

(D) 'शिरीषको फूल' की सकमबरी ।

**50.** – माथिको उद्‌धरणमा कस्तो चरित्राङ्कन पद्धति प्रयोग गरिएको छ ?

(A) प्रत्यक्ष । (B) परोक्ष ।

(C) नाटकीय । (D) तटस्थ ।

**51.** समालोचक राजनारायण प्रधानले 'शिरीषको फूल' को सुयोगवीरलाई केको सङ्ग्रहालय हो भनेका छन् ?

(A) सैनिक सेवा-पछकहरूको ।

(B) सूचना र जानकारीहरूको ।

(C) गफ र कथाहरू को ।

(D) विसङ्गतिहरूको ।

**52.** "'मजाको गफ सुनायो । नाम पो मैले याद राख्नै सकिनँ । नाम के अरे ?' सोध्यो रविले ।"

'आज रमिता छ' उपन्यासमा रविले उल्लेख गरेको त्यो 'मजाको गफ' सुनाउने व्यक्तिको नाउँ के थियो ?

(A) एम. के. । (B) के. बी. ।

(C) एम. बी. । (D) खगप्रसाद ।

**53.** "दुई वर्ष दुखें ज्यू, दुई वर्ष । तपाईंको केशहरू सब झरेर गयो । आधा पाटा शरीर पस्तरी दुख्ने तपाईंको लेथ्नु पारेको जस्तो । चल्दा पनि दुख्ने ।"

– यस उद्‌धरणमा भएको 'तपाईंको' – को प्रयोगलाई के भनिन्छ ?

(A) सर्वनामीकरण । (B) थेगो ।

(C) संयोजन । (D) अपरिचितीकरण ।

**54.** "एउटा मानिस राजाछेउँ फरयाद गरनु गयो (।) कस्तो फरयाद गरयो भन्यादेखि मेरो घरमा मानिस् सधै आइकन् मेरो सुवास्निसित प्रिति गच्छ तर मँ तेस्लाइ कहिले देखनु पाउँदइनुँ (।)"

– प्रस्तुत गद्यांश कुन पुस्तकबाट उद्‌धृत गरिएको हो ?

(A) ए ग्रामर अव् नेप्लिज ल्याङ्ग्वेज (1820) ।

(B) सत्यार्थ-प्रकाश (1931) ।

(C) बाइबल (1878)

(D) मेरिनाचरित्र (1902) ।

55. 'न बोल्नु न डोलनु

न कल्पनु न भूलनु

न षोल्नु न तोल्नु

न मोल लिनु न उसै लिनु'

– माथिको श्लोकका रचनाकार को हुन् ?

(A) शशिधर ।

(B) ज्ञानदिलदास ।

(C) भानुभक्त ।

(D) मोतीराम भट्ट ।

56. 'सूक्तिसिन्धु' – का रचनाकारहरुलाई 'ढाँटे-ढुटे कवि', 'समाज भ्रष्ट पार्ने', 'नष्टमति', 'कूत्ति-कुधा प्रचारी' भनेर आक्षेप गर्ने व्यक्ति को थिए ?

(A) रामकृष्ण शर्मा ।

(B) यदुनाथ खनाल ।

(C) धरणीधर शर्मा ।

(D) सूर्यविक्रम ज्ञवाली ।

57. 'सानीले माथिबाट आऊँदै गरेको मान्छेलाई टाढैबार चिनी ।' – यस वाक्यमा 'माथिबाट आउँदै गरेको' कस्तो पदावली हो ?

(A) विशेषण पदावली ।

(B) क्रियाविशेषण पदावली ।

(C) क्रियापदावली ।

(D) परस्थानिक पदावली ।

58. क्रियापदलाई केका आधारमा अकर्मक, सकर्मक र द्विकर्मक जस्ता भेदहरुमा वर्गीकरण गरिन्छ ?

(A) वाच्य ।

(B) ध्रुवीयता ।

(C) संयुज्यता ।

(D) प्रेरणार्थकता ।

59. अक्षरीकरण भनेको के हो ?

(A) वर्णलाई अक्षरका रूपमा उच्चारण गर्ने प्रक्रिया ।

(B) शब्दमा भएका अक्षरहरुको विभाजन प्रक्रिया ।

(C) अपूर्ण अक्षरलाई पूर्ण अक्षर बनाउने प्रक्रिया ।

(D) भाषाका अक्षरहरुको वर्गीकरण ।

60. रङ्गबुल धामका जोसमनी साधु रामदास राईले धर्म-चर्चाको पञ्चायत बोलाउने हाँक दिँदा उनलाई कसले 'हामीलाई ईसाई सुसमाचार सुनाउने अधिकार छ' भनी चिट्ठी लेखेका थिए ?

(A) हन्टर ।

(B) निबेल ।

(C) टर्नबुल ।

(D) हुकर ।

61. इ. 1920-30 तिर दार्जिलिङ्का नेपालीहरुमा सामाजिक र राजनीतिक चेतना ल्याउन र महाजनहरुको ठगाइका विरुद्ध साङ्गठनिक कार्य गर्न तम्सिने आर्य-समाजी साधु को थिए ?

(A) स्वामी प्रबुद्धानन्द ।

(B) स्वामी सच्चिदानन्द ।

(C) स्वामी अभेदानन्द ।

(D) भवाल संन्यासी ।

62. "कवि बोलोस् जसरी चटाहरु बोल्छन न कि जसरी वस्तादहरु कसरत गर्दछन् । हृदयले हृदयलाई बोलाओस् कवितामा, न कि आडम्बरलाई ।"

– यो मन्तव्य कसले प्रकट गरेका हुन् ?

(A) रामकृष्ण शर्मा ।

(B) लक्ष्मीप्रसाद देवकोटा ।

(C) बालकृष्ण सम ।

(D) रत्नध्वज जोशी ।

**63.** भूपि शेरचनको 'मैन बत्तीको शिखा' कवितामा मैनबत्तीको शिखाका उपमेयहरु के के छन् ?

(A) शारदी धाम, कौमार्य, नवजात शिशु ।

(B) वेदनाको पानी, सुहाग रात, आँखाको नानी ।

(C) सघ:स्नाता युवतीको अनुहार, सघ:प्रसूता युवतीका सन्तुष्ट आँखा, विधवाको अनुहार ।

(D) प्रथम रजस्वला, अप्रेसनपछिको पीडा, कौमार्य ।

**64.** "पद पूर्व र पश्चिम उत्तरका

अरु दक्षिणका कविका कविता"

– यस कवितांशमा कविले कस्तो साहित्य-अध्ययन विधितर्क सङ्केत गरेका छन् ?

(A) राष्ट्रिय साहित्य ।

(B) तुलनात्मक साहित्य ।

(C) जातीय साहित्य ।

(D) सामान्य साहित्य ।

**65.** 'आमाको सपना' कवितामा कुन कुन विषयसित सम्बन्धित अभिप्रायहरु पाइन्छन् ?

(A) युद्ध र सङ्गीत ।

(B) प्रेम रे आकर्षण ।

(C) राजतन्त्र र शोषण ।

(D) आलस्य र रुग्णता ।

**66.** लोकवार्ता अध्ययनको निम्नलिखित कुन सिद्धान्त कुन अध्येताले प्रतिपादन गरेका हुन् ?

| **सिद्धान्त** | **अध्येता** |
|---|---|
| (क) प्रसार सिद्धान्त | (i) मेलिनोव्स्की |
| (ख) पदार्थात्मवाद | (ii) जेम्स जर्ज फ्राजर |
| (ग) टुनावाद | (iii) थियोडोर बेनफे |
| (घ) प्रकार्यवाद | (iv) ई.. बी. टेलर |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (A) | (iv) | (iii) | (ii) | (i) |
| (B) | (iii) | (iv) | (i) | (ii) |
| (C) | (ii) | (i) | (iv) | (iii) |
| (D) | (iii) | (iv) | (ii) | (i) |

**67.** एन्टी आर्नेले 'कथा-प्रकार' शब्दको प्रयोग कुन अर्थमा गरे ?

(A) मानवीय/मानवेतर पात्र प्रयोगअनुसार वर्गीकृत कथा ।

(B) सत्/असत् पात्र प्रयोग अनुसार वर्गीकृत कथा ।

(C) आद्यरूपअनुसार वर्गीकृत कथा ।

(D) ऐतिहासिक सन्दर्भका आधारमा वर्गीकृत कथा ।

**68.** सामूहिक अवचेतनको अध्ययन गर्ने कार्ल गुस्ताभ युङ्गले पुरुषहरुमा पाइने नारी तत्त्वलाई कुन संज्ञा दिएका छन् ?

(A) एनिमा । (B) एनिमस ।

(C) इडिपस । (D) इलेक्ट्रा ।

**69.** लोकवार्ता अध्ययनको रूपतत्त्ववादी पद्धति प्रतिपादन गर्ने म्लादिमिर प्रपले लोककथाका मुख्य प्रकार्यहरु कतिवटा देखाएका छन् ?

(A) चौबीस । (B) अट्ठाईस ।

(C) एकतीस । (D) चौँतीस ।

**70.** भाषाविज्ञानका क्षेत्रमा प्रचलित 'द्विचरविरोध' र 'सहचारक्रमी सिद्धान्त' का अवधारणा ग्रहण गरेर लोकवार्ता अध्ययनको नयाँ पद्धति विकास गर्ने अध्येता को हुन् ?

(A) क्लाउद लेवी-स्त्रस ।

(B) एलेन ड्युन्डस ।

(C) मेलिनोव्स्की ।

(D) लाउरी होन्को ।

**71.** "समाजका मानक र स्थापित मूल्यको झलक दिएर रुग्ण र जीर्ण सामाजिक संरचनाको उत्थान हुनुपर्ने आदर्शवादी भावनामा गुरुप्रसाद मैनालीको यथार्थवाद आधारित छ ।"

– माथिको भनाइ तलकामध्ये कुन विद्वानको हो ?

(A) दयाराम श्रेष्ठ ।

(B) मोहनराज शर्मा ।

(C) माधवलाल कर्माचार्य ।

(D) कृष्णचन्द्रसिंह प्रधान ।

**72.** "भाषा सुधार र शब्दसङ्ग्रह नगरी कविता नै गरनू छ भने, अशुद्ध शब्दको प्रयोग नगरी शुद्ध कविता रचना गरिनू पर्दछ ।"

– 'माधवी' – मा प्रकाशित यस विचारले कुन भाषिक आन्दोलनको विचारधारालाई टेवा पुऱ्याएको छ ?

(A) जयतु संस्कृतम् ।

(B) झरौवाद ।

(C) हलन्त बहिष्कार ।

(D) जनजिब्रो ।

**73.** विश्वेश्वरप्रसाद कोइरालाको डायरी शैलीमा लेखिएको प्रसिद्ध पुस्तक कुन हो ?

(A) आत्मवृत्तान्त ।

(B) आफ्नो बारेमा ।

(C) जेल जर्नल ।

(D) पुराना सम्झना ।

**74.** जोसमनी सन्त साहित्यसित सम्बन्धित कुन कृतिको प्रकाशन बारे 'चौँत्तिस साल वैशाषमा सब् लेखिकह्याको' भनिएको छ ?

(A) जमगीता ।

(B) उदयलहरी ।

(C) सच्चिदानन्दलहरी ।

(D) अजपगीता ।

**75.** जूनै जूनैबाट मानो कुँदेकी

फूलैफूलैबाट मानो बनेकी ।

राता गाला दीर्घ आँखा उज्याला

विश्वश्री झैँ प्रात:मा चारुचाला ।

– यस पद्यमा प्रयोग भएको छन्द कुन हो ?

(A) इन्द्रबज्रा ।

(B) उपेन्द्रबज्रा ।

(C) शालिनी ।

(D) रथोद्धता ।

**Space For Rough Work**